
# जेठो पुस्ता



# रेडियो घन्कँदाको त्यो साँझ !

**कमल दीक्षित**

म अलि पुरानो पुस्ताको परेँ ।[1] म जन्मँदा (वि.सं. १९८६) भारतमा पनि सायद रेडियो आइपुगेको थिएन । तर म दस वर्ष पुग्दै गर्दा रेडियोले नेपाल प्रवेश गरिसकेको थियो । ठूलाबडाका घरमा ठूलै बाकसजस्तो रेडियो आइसकेका थिए । हाम्रो घरमा पनि रेडियो आयो १९९५ सालमा ।

यहाँनिर 'हाम्रो घर' भन्नु हुन्छ कि हुन्न थाहा छैन, किनभने त्यो रेडियो आएको मेरो पिताजीको घरमा होइन, उहाँका काका, त्रिचन्द्र कलेजका प्रिन्सिपल, सरदार नरेन्द्रमणि आ.दी.का घरमा आएको हो । बाजेहरूका मात्र भान्छा छुट्टिसकेको होइन, मेरै पिताजीको समेत भान्छा आफ्नो बुबाको सगोलबाट बाहिर आइसकेको थियो । त्यस अवस्थामा हाम्रो घरमा रेडियो आयो भन्नु कानूनी हिसाबले असत्य हुन सक्छ । तर ठूलो घरको उही चोकको वरपर, तल र माथिका चोटाकोठामा बस्ने भएकाले त्यो रेडियो हाम्रै घरमा आएको थियो भन्दा उति बेठीक हुँदैन कि भन्छु ।

---

[1] यो लेख 'त्यो साँझ' शीर्षकमा दीक्षित (२०६१: ३४-३९) मा पनि प्रकाशित छ ।

यसै पनि त्यो रेडियोको 'एरियल' (एन्टिना भनिँदैनथ्यो उति बेला रेडियोको तारलाई) हाम्रैपट्टिको घर-धुरीदेखि तानिएकाले त्यसमा हाम्रो पनि हक लाग्थ्यो भनूँ न ! त्यसमाथि रेडियो बजेको बेला हामी केटाकेटीहरूको बासै त्यही कोठामा हुने गर्थ्यो । त्यसो हुँदा त्यो रेडियो आफ्नै घरमा रहेको थियो भन्दा फरक पर्दैन होला ।

त्यो रेडियोको कुरा आएपछि स्मृतिका धेरै पाना पल्टन्छन् मेरा ।[२] ठूल्कान्छा बा (सरदार नरेन्द्रमणि) अथवा मेरालागि त कुमारबा (कुमारमणि) का घरमा रेडियो आउने भन्ने कुरा सात दिन पहिले हामी केटाकेटीले थाहा पायौँ, रेडियो भन्सारमा आइसकेपछि । तर यो त त्यो रेडियोको यात्राको टुङ्गो थियो । त्यो यात्रा सके वर्ष दिन, नभए पनि छ महिनाअघि सुरु भएको थियो । पहिलो कुरा त रेडियो त्यस बेला रोलवाला राणाजीबाहेक राणाहरूका खास पत्यारका मान्छेले मात्र राख्न पाउँथे, अरूले पाउँदैनथे । राखे सजायँ हुन्थ्यो । तर नरेन्द्रमणि त्रिचन्द्र कलेजका प्रिन्सिपल हुनुका साथै शिक्षा विभागका डाइरेक्टर जनरल मृगेन्द्र शमशेरका अत्यन्त पत्यारका मान्छे हुनुहुन्थ्यो । उनले महाराज (जुद्ध शमशेर) लाई विन्ति गरिदिएपछि नरेन्द्रमणिले घरमा रेडियो राख्न 'हुकुम प्रमाङ्गी' पाउनुभएको थियो । त्यो प्रमाङ्गी पाएपछि रेडियो झिकाइएको थियो- हिन्दुस्थानबाट होइन, खास बेलाइत, लण्डनबाट । फिलिप्सको रेडियो रहेछ त्यो । मैले रेडियो आइपुगेपछि त्यो राखेको कागजको बाकसमा पढेर थाहा पाएको हुँ । नामको मलाई मतलब थिएन तर त्यो बाकसमा एउटा पुड्को अङ्ग्रेजको तस्बिर थियो, त्यसमा मलाई चाख लागेको थियो । त्यहाँ त्यो पुड्केले बोलेजस्तो पारेर 'मलाई उल्टो नपारिद्यौ' भन्ने वाक्य अङ्ग्रेजीमा लेखेको थियो । त्यो नै रमाइलो लागेको थियो हामी केटाकेटीहरूलाई ।

त, त्यो रेडियो आउने सात दिन अगाडिदेखि घरमा चहलपहल सुरु भएको थियो । रेडियोलाई चाहिने एरियल एकदम अग्लो ठाउँमा, घरको धुरीभन्दा माथि राखिनु पर्ने रहेछ । अतः त्यसका लागि मोटो अग्लो बाँस दुईओटा ल्याइयो । ताछतुछ गरेर तिनमा कालो अलकत्रा लगाइयो । घरका बारदलीका खम्बामा तिनलाई अडयाउनु पर्ने भएकाले त्यही मिल्दो फलामको 'ब्रयाकेट' ल्याइयो । पहिलेबाट दुईपट्टि टुप्पामा तामाका तारका दुई कुना बेसरी कसेर बाँधिए ।

---


[२] यी कुरा आंशिक रूपमा *बिर्सेको सम्झेको* भन्ने पुस्तक (दीक्षित २०४१) मा पनि परिसकेकाले, त्यो पढिसकेकाहरूलाई पुरानो, बासी कुरा पस्केजस्तो पनि लाग्ला । तर यो लेख रेडियोलाई नै विषय बनाएर लेख्न लागेकाले पहिले लेखिसकेको भनेर त्यसलाई अफाल्न सकिएन भन्ने बुझियोस् !

तारको बीच भागमा एउटा अल्मुनियमको 'कटआउट' जोडियो । त्यो कटआउटबाट अर्को तार जोडियो- रेडियो सेटसम्म आउने । अब एरियलको आकार अङ्ग्रेजी 'टी' को जस्तो भयो । यति गरेपछि ती दुई बाँसको लिङ्गोलाई ठाडो पारेर खडा गराइयो । अनि तिनलाई बारदलीको थाममा कसेर जखड्बन्द पारियो । यो लिङ्गो अर्थात् एरियल ठड्याउने कामले मात्र एक दिनभरि खाएको थियो । म राम्ररी सम्झन्छु । १०/१२ जना मान्छे लागेका थिए, यस काममा । तर मुख्य निर्देशन त 'प्रिन्सिपलबाजे' कै थियो ।

लिङ्गो ठडिइसकेपछि आकाशमा बीचबाट झुण्डिएको त्यो लामो तारलाई कोठासम्म ल्याएर रेडियो सेटमा जोड्नुपर्ने थियो । रेडियोमा जोड्नुभन्दा पहिले बीचमा त्यो तारले 'लाइटनिङ एरेस्टर' बाट पास हुनुपर्ने रहेछ । आकाशमा गड्याङगुडुङ गर्नासाथ, बिजुली चम्कने आशङ्का हुनासाथ त्यो स्वीचजस्तो कमानी यताबाट उतातिर सार्नुपर्ने रहेछ, नत्र आकाशको बिजुली सोझै रेडियोमा आएर बज्रन्छ रे- भनियो । हामी केटाकेटीहरू सास बन्द गरेर यी कुरा सुन्थ्यौं, अनि उदेक मान्थ्यौं । दिनभरि रेडियोको एरियलको त्यो चहलपहल जिल्ल परेर हेर्दै यताउति कुदिरह्यौं हामी त्यस दिन । हाम्रानिम्ति त्यति रमाइलो कहिल्यै भएको थिएन । अहिले पनि म त्यस दिनको त्यो तामझाम एकएक सम्झिरहेको छु ।

दिनभर एरियल र 'लाइटनिङ एरेस्टर' को काम सकिएपछि साँझ रेडियो जोड्ने कार्य भएको पनि सम्झन्छु म राम्रैसँग । अचेलको तीस इञ्चीको टेलिभिजनजत्रो ठूलो थियो रेडियो । टलक्क टल्कने पालिस गरेको काठ र रेशमी पर्दा अनि मध्यभागमा कुना काटिएको चौकोर ऐनाको प्यानेल थियो । प्यानेलभरि किरिङमिरिङ अङ्ग्रेजी अक्षरहरू छापिएका थिए । अनि घडीको जस्तो लामो सुई थियो बीचमा । प्यानेलका दुईपट्टि दुईओटा गट्टा थिए, त्यो सुई घुमाउने । ती दुईओटामध्ये एउटा चाहिँ गट्टा 'वेभ' फेर्ने रहेछ, त्यो हामीलाई त्यस बेला थाहा भएन । तर त्यो रेडियोको सबभन्दा आकर्षक कुराचाहिँ मेरालागि त्यसको 'आँखा' नै थियो । दन्त्यकथाको एकआँखे राक्षसको गोल आँखा थियो माथितिर बीचमा । राक्षसकै जस्तो हरियो थियो त्यो आँखा, बीचमा कालो भएको । रेडियो बज्न लाग्दा या सियो घुमाउँदा त्यो आँखा झिमझिम पनि गर्थ्यो, कहिले धीमा कहिले चर्कोसँग । दुरुस्त राक्षसको आँखाजस्तो लाग्थ्यो हामीलाई । हरियो आँखा रेडियोको मुख्य 'भल्भ' रहेछ । त्यो मैले पछिमात्र बुझें । सात या आठ कति ओटा भल्भ भएको त्यो रेडियो भव्य नै थियो । भए पनि केटाकेटीहरूलाई भने त्यसको बाहिरी आकारप्रकार नै दिव्य लागेको थियो ।

अब रेडियो जडियो । प्यानेलमा बत्ती पनि बल्यो (अँध्यारो प्यानेल उज्यालो भयो) अनि बिस्तारै त्यो एउटा आँखा हरियो भयो र झिमिक्-झिमिक् गर्न



कमल दीक्षितले वि.सं. १९९५ मा देखेको/सुनेको रेडियो । यो रेडियो नरेन्द्रमणि आ.दी.का नाति प्रदिपमणि दीक्षितको काठमाडौं गरीधारास्थित घरमा अद्यापि देख्न पाइन्छ (तस्बिरः शरद घिमिरे) ।

थाल्यो । ठूल्कान्छाबा (नरेन्द्रमणि) बाहेक अरू कसैले त्यो रेडियो छुन पाउँदैनथ्यो, उहाँले नै दाहिने/देब्रेपट्टिको त्यो गोटी यताउता घुमाउनु भयो । रेडियोले अचम्म अचम्मका शब्द निकाल्न थाल्यो । कहिले ढब-ढब गर्थ्यो त्यो, कहिले खटचाक्-खटचाक्, अनि कहिलेचाहिँ चुइइयँ टररर गर्थ्यो । त्यसपछि अकस्मातसँग रेडियो बाकसबाट अङ्ग्रेजीमा स्पष्ट शब्दमा एउटा धीरगम्भीर स्वर सुनियो । सबै जना निश्चल ! अहिले भए त्यस्तो बेला ताली पिटिन्थ्यो । त्यस बेलाचाहिँ रेडियोले बोलेपछि कोठाभरिका मान्छेले स्तब्ध भएर एक टकले रेडियोलाई हेरिराखे । ठूल्कान्छाबाले आफ्नो दाजु (राममणि) लाई के के बताउनुभयो, हामीले बुझेनौं । एकै छिनपछि रेडियोले गाउन थाल्यो- कुनै महिलाको स्वरमा । दिल्लीको स्टेसन रहेछ क्यारे त्यो । हिन्दीको कुनै रागमा आधारित भजन गाउँदै रहिछन् ती

महिला । मेरा आफूबा (राममणि) त्यो सुनेर दङ्ग पर्दै भुमिरहनु भयो । अरू सबै जना पनि एकाग्र भएर सुनिरहे । केही बेरपछि त्यो गाना सकियो, अनि फेरि लोग्नेमान्छेको बोलीले के के भन्यो । अनि आफूबाले, ठूल्कान्छाबालाई भन्नुभयो– "ठूलु, त्यो भजन एकपटक फेरि बजाऊ त !" ठूल्कान्छाबाले भन्नुभयो "दाइ, यसमा त दोहराउन मिल्दैन, एकपटक बजेपछि सकियो !" सधैँ ग्रामोफोन रेकर्ड दोहराई तेहराई सुन्ने बानी परेका हाम्रा आफूबाले अचम्म मानेर भन्नुभयो– "दोहराउन मिल्दैन ? कस्तो कुरा !" अनि ठूल्कान्छाबाले रेडियो प्रसारणको व्याख्या के गर्नुभएको थियो क्यारे, त्यो हामीले बुझेनौँ । वास्ता गर्ने कुरो पनि भएन हामीले ।

यसरी मेरो पहिलो दिनको रेडियोश्रवण कार्य सम्पन्न भएको थियो । त्यसपछि चाँडै नै (वि.सं. १९९६) हामी गैरीधाराको त्यो ठूलोघर छाडेर पुल्चोकको आफ्नो घरमा सऱ्यौँ । तैपनि, रेडियो सुन्न हामी हिँडेर गैरीधारा पुगिरहन्थ्यौँ कहिलेकाहीँ । त्यसैबीच युरोपमा लडाईं चम्किँदै गएर अङ्ग्रेजहरू हार्न थालेछन् । अङ्ग्रेजहरू हार्दै गएको खबर जनतामा प्रचार हुन थालेपछि अङ्ग्रेजहरूका मित्र महाराजले दुनियादारका घरमा भएका सबै रेडियो सेटहरू जफत गर्न लगाए । जफत गरियो भनेको, रेडियोहरू भर्पाइ दिएर जिम्मा लिई सिंहदरबारमा हो कि बिजुलीअड्डामा लगेर थुपारिएछ । यसरी हाम्रो रेडियोश्रवण प्रकरणको एक पक्षको पटाक्षेप भयो ।

अङ्ग्रेजहरूले लडाईं फेरि जित्दै आएपछि रेडियो फेरि फुकुवा भयो, माने जफत गरिएका रेडियोहरू मालिक–मालिकहरूलाई फिर्ता दिइयो । त्यति मात्र होइन, महाराजका तजबिजले, अरू दुनियादारले समेत रेडियो राख्न पाउने भए । त्यो थाहा पाएपछि मेरा पिताजीले पनि 'हजुरिया जर्साब' मार्फत महाराजमा बिन्तिपत्र हालेर एउटा रेडियो राख्ने 'हुकुम प्रमाङ्गी' पाउनुभयो । अनि हाम्रो पुल्चोक घरमा पनि एउटा रेडियो आयो कलकत्ताबाट । फेरि फिलिप्स नै, नौ व्याण्डको, नौ नै भल्भ भएको, ठूलो ।

त्यस बेलासम्म म पनि स्कूलमा माथिल्लै कक्षामा पढ्ने भइसकेको थिएँ क्यारे- हाम्रो घरमा रेडियो चलाउने जिम्मा मेरै भयो । दिल्ली, कलकत्ता र रेडियो सिलोनका हिन्दी गीतहरू सुन्ने, दिदीबहिनी आमाहरूलाई सुनाउने अधिकार मेरै हुनपुग्यो । हिन्दी गानाबाहेक अङ्ग्रेजी समाचार सुन्ने पनि मेरो लत बस्यो त्यसपछि । स्कूलमा मेरो अङ्ग्रेजी राम्रो हुनुमा एउटा कारण त्यो पनि हो भन्छन् । कुन्नि के हो, साठी वर्ष अघिको कुरो !

यी सब त उहिले सिउसिउ राजाका पालाका कुरा जस्ता भए । अब अलि वर आऊँ । नेपालमा पहिलो रेडियो प्रसारण गराउने पद्म शमशेर महाराज हुन् । उनले सानोसानो ट्रान्स्मिटर बिजुलीअड्डामा ल्याएर त्यतैबाट दिउँसो एक-दुई घण्टा धार्मिक कार्यक्रम चलाउन लगाएका थिए क्यारे २००२ सालमा । त्यसपछि तारिणीप्रसाद कोइरालाले विराटनगरबाट प्रजातन्त्र नेपाल रेडियो सुरु गरे २००७ सालमा । त्यही रेडियो २००७ साल चैतको अन्ततिर सिंहदरबार छिऱ्यो र पछि रेडियो नेपाल भयो । यी सबै कुरा मेरा लागि 'रे' का कुरा हुन् । मैले आफूले सुनिनँ यी कुनै प्रसारण । मैले पहिलो पटक नेपाली रेडियो सुनेको त २०१० सालमा हो म भारतबाट नेपाल फर्केपछि । त्यसअघि २००९ सालतिर होला रेडियो नेपालसँग मैले कलकत्ताबाटै झगडा गरेको थिएँ– "मैले लेखेको गीत शिवशङ्करजीले गाउँदा मेरो नाम किन नलिएको ?" भनेर । त्यो गीत यसरी गाइएको थियो भन्ने खबर मैले मेरो एक जना दिदीमार्फत कलकत्तामै पाएको थिएँ ।[३]

अब त समय अझ अघि बढिसक्यो । नेपालले रेडियोलाई पछाडि छोडेर टेलिभिजनको युगमा प्रवेश गरिसक्यो र रेडियोको महत्त्व नै ओझेलमा परिसकेजस्तो भएको छ । भए पनि रेडियोले हार मानेको छैन । नयाँ अवतार लिएर, एफएम भएर जतातते पुगेको छ नेपालमा रेडियो फेरि । दक्षिण एसियामै एफएम क्रान्ति गर्ने देशमा गनिएको छ नेपाल । नेपालभरि जहाँ पुगे पनि एफएम सुन्न सकिन्छ भन्ने दावा गर्न थालेका छौँ हामी । त्यसैले होला, पछाडि फर्केर हेर्दा म १९९५ सालको त्यो दिन सम्झन्छु- हाम्रो घरमा फिलिप्स रेडियो घन्कँदाको त्यो साँझ !

---

[३] यस प्रसङ्गबारे अरू जानकारी दीक्षित (२०५६) मा परेको छ ।